# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
# वागमती प्रदेश, नेपाल

नमोबुद्ध क्षेत्रमा सरसफाई शुल्क, पार्किङ तथा शौचालय प्रयोग शुल्क संकलन सम्बन्धी दरभाउ पत्र आव्हानको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७७०३।१२)

नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन २०७६ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र नमोबुद्ध क्षेत्रमा पर्यटन सरसफाई शुल्क, पार्किङ तथा शौचालय प्रयोग शुल्क मिति २०७७।४।१ देखि मिति देखि २०७८ असार मसान्त सम्म संकलनको कार्य बढाबढ ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कर उठाउन चाहाने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले यो सूचना प्रकाशित भएका मितिले १५ औ दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम दरभाउपत्र जमानत (क सहित.अ.मू) | दरभाउपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| नमोबुद्ध क्षेत्रमा सरसफाई शुल्क, पार्किङ तथा शौचालय प्रयोग शुल्क संकलन | रु ३००००।—(तीस हजार) | १,०००।— (एक हजार मात्र) | |

शर्त बन्देज

१. यस सम्बन्धी दरभाउ पत्र फारम रु. १,०००।— (एक हजार मात्र) (पछि फिर्ता नहुने) तिरी नमोबुद्ध नगर कार्यपालिकाको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ (२०७७।३।२६) दिन भित्र कार्यालय समय सम्ममा दरभाउ पत्र फारम खरिद गर्न र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ (२०७७।३।२७) औ दिन दिनको १२ बजे भित्रमा शिलबन्दी दरभाउ पत्र फारम नमोबुद्ध नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ ।

३. दरभाउ पत्रसाथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकको धरौटि खाता नं. १५४००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेंशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

४. दरभाउ पत्रदाताले बढिमा आ.व. २०७७।०७८ सम्म एक आर्थिक वर्षको अवधिको लागि उक्त कर उठाउन पाउने गरी यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ।

५. स्वीकृत दरभाउपत्रवालाले आफुले कबोल गरेका ठेक्का रकम बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ । यसरी किस्ता किस्तामा ठेक्का रकम बुझाउने भएमा ठेक्का सम्झौता भएको एक हप्ताभित्र कबोल अंकको ३५ प्रतिशत ले हुन आउने रकम यस कार्यालयमा बुझाई बाँकी रकम बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारी गरेको मिति २०७८ साल साउन १५ गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै प्रस्तुत गरेको हुनुपर्नेछ।

६. दरभाउपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ । साथै दरभाउ पत्र खोल्ने दिन दरभाउ पत्रदाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन ।

७. संस्थागत आवेदकका हकमा आफु त्यस्तो दरभाउ पत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ । साथै नविकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७५।०७६ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ ।

८. कुनै पनि दरभाउ पत्र विनाकारण पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. नमोबुद्ध क्षेत्रमा सरसफाई शुल्क, पार्किङ तथा शौचालय प्रयोग शुल्क असुली सम्बन्धी ठेक्का बन्दोबस्त गरेका कारण तिर्नुपर्ने कुनै पनि कर दस्तुर बुझाउने दायित्व दरभाउपत्रवालामा रहने छ ।

१०. यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐऐ नियमावली २०६४ बमोजिम हुनेछ ।